## आज मिति २०६७/८/२६ का दिन बसेको वोर्ड बैठकवाट भएका निर्णयहरु :-

१. **प्रस्ताव नं.१ अघिल्लो बैठकको समीक्षा :-**

यस अगाडि मिति २०६७८१५ का दिन बसेको बैठकको निर्णय सम्वन्धी समीक्षा भयो ।

२. वोर्डको मिति २०६७८१५ को सिफारिश अनुसार नेपाल सरकारवाट एस. ओ. एस. मेनपावर सर्भिस प्रा.लि.लाई उत्कृष्ट ईजाजतपत्रवाला घोषणा गर्ने निर्णय भएको हुँदा उक्त मेनपावर कम्पनी र सो कम्पनीका संचालकहरुलाई वोर्डका अध्यक्षज्यू लगायत सदस्यहरुवाट बधाई ज्ञापन गर्ने निर्णय भयो ।

३. **प्रस्ताव नं. २ कल्याणकारी कोषको रकम जम्मा गर्ने सम्वन्धी :-**

२०६७ पौष १ गते देखि बैदेशिक रोजगार बिभागमा बैंक काउन्टर राखी कल्याणकारी कोषको रकम जम्मा गर्ने व्यवस्थाका सम्वन्धमा जानकारी भयो ।

४. **प्रस्ताव नं.३ कतार मेला सम्वन्धमा :-**

१८ जनवरी २०११ मा कतार बैदेशिक रोजगार मेला आयोजना गर्न बैदेशिक रोजगार व्यवसायी संघवाट पहल भएको सम्वन्धमा छलफल भई निम्न बमोजिम गर्ने निर्णय भयो ।

३.१ बैदेशिक रोजगार प्रवर्द्धन वोर्डका कार्यकारी निर्देशकको संयोजकत्वमा परराष्ट्र मन्त्रालयका प्रतिनिधि, बैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष, बैदेशिक रोजगार व्यवसायी श्री प्रेम वहादुर कटुवाल, ट्रेड युनियनका तर्फवाट श्री होम प्रसाद अधिकारी भएको एक कार्यदल गठन गर्ने ।

उक्त कार्यदलले मेला आयोजना मेलासँग सम्वन्धित खर्च स्रोत र मेला सम्वन्धी अन्य आवश्यक व्यवस्थाका वारेमा सिफारिश गर्ने ।

३.२ मेला आयोजना गर्ने आवश्यक व्यवस्था मिलाई दिन श्रम तथा यातायात व्यवस्था मन्त्रालय मार्फत परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्ने ।

५. **प्रस्ताव नं. ४ आर्थिक सहायता सम्वन्धी :-**

क) २०६४/११/८ पछि बैदेशिक रोजगारमा गै करार अवधिमा मृत्यु हुनेहरु मध्ये ६ महिना भित्र निवेदन दिने ३५ जना मृतकका परिवारलाई रु.१,००,०००। का दरले आर्थिक सहायता दिएको जानकारी भयो ।

६. **प्रस्ताव नं.५ नेपाली राजदूतावासलाई प्रवर्द्धन खर्च उपलव्ध गराउने सम्वन्धमा :-**

नेपाली राजदूतावासलाई प्रवर्द्धन खर्च उपलव्ध गराउने सम्वन्धमा परराष्ट्र मन्त्रालयसँग समन्वय गरी अर्को बैठकमा पेश गर्ने ।

७. **प्रस्ताव नं.६ वोर्डका लागि गाडी खरिद सम्वन्धमा :-**

वोर्डको कार्य संचालन निर्देशिका स्वीकृत भएपछि गाडी खरिद सम्वन्धी प्रक्रिया सचिवालयले अघि बढाउने ।

८ **प्रस्ताव नं.७ चन्द्रशेखर यादवको जीवन रक्षा सम्वन्धमा :-**

चन्द्रशेखर यादवका जीवन रक्षाको लागि Seed Money उपलब्ध गराउने सम्वन्धमा परराष्ट्र मन्त्रालयसँग परामर्श गरी पछि पेश गर्ने ।

९ **प्रस्ताव नं. ८ अंभभंगको भएका कामदारलाई आथिृक सहायता दिने सम्वन्धी :-**

बैदेशिक रोजगारमा गै करार अवधि भित्र अंगभंग भै बैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ (३) को म्याद ६० दिन भित्र निवेदन दिने देहायका कामदारहरुलाई श्रम नियमावली, २०५० को अनुसूचीको मापदण्ड अनुसार देहाय बमोजिम आर्थिक सहायता दिने :-

१) चित्रवबहादुर पुन - रु.१,००,०००।- (एकलाख)

२) टेकेन्द्र खत्री - रु.१,००,०००।- (एकलाख)

३) निमा तामाङ्ग - रु.३०,०००।- (तीस हजार)

४) सरोज कुमार मुखिया - रु.१९,०००।- (उन्नाईस हजार)

५) कुमार नेपाली - रु.५०,०००।- (पचास हजार)

बोर्डका अध्यक्ष एवं माननीय मन्त्रीज्यूवाट धन्यवाद सहित बैठकको समापन गरियो ।

ऐनको दफा ४० (६) बमोजिम प्रमाणित

२०६७।८।२६

(स्थानेश्वर देवकोटा)
सदस्य-सचिव